नेपाल सरकार
# विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं

प.सं. :- ०८३/८४

च.नं. :- १३९

मिति :- वि.सं. २०८३/०६/२७

ने.स. :- ११४६ कौलाथ्व,३ मङ्गलवार

विषय: २०८३ असोज महिनाको विलसहितका कागजात पेश गर्ने र कार्तिक महिनामा प्रकाशन गर्ने लोककल्याणकारी विज्ञापन पठाइएको सम्बन्धमा।

श्री सम्पादक/प्रकाशकज्यू

आ.व. २०७९/०८० को पत्रपत्रिका वर्गीकरण पुनरावलोकन सहितको अन्तिम नतिजासम्बन्धी प्रतिवेदन, २०८२ मा समावेश भएका पत्रपत्रिकाहरु (सबै)।

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा ३२, विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६, छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ (दोस्रो संशोधन, २०८३ समेत) को दफा ८(२) बमोजिम छापामाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने प्रयोजनको लागि आ.व. २०७९/०८० को पत्रपत्रिका वर्गीकरण पुनरावलोकन सहितको अन्तिम नतिजासम्बन्धी प्रतिवेदन, २०८२ मा परेका पत्रपत्रिकाले २०८३ साल कार्तिक महिनामा प्रकाशन गर्नका लागि लोककल्याणकारी विज्ञापन संलग्न गरी पठाइएको छ। बोर्डबाट उपलब्ध गराइएको लोककल्याणकारी विज्ञापन प्रकाशन छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ (दोस्रो संशोधन, २०८३ समेत) र देहाय बमोजिम गर्नु/गराउनु हुन निर्णयानुसार अनुरोध छ।

**देहाय:**

१. छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ (दोस्रो संशोधन, २०८३ समेत) को दफा १४ मा लोककल्याणकारी विज्ञापन प्रकाशित गरेको महिनाको पत्रपत्रिका र विल अर्को महिनाको सात गतेभित्र बोर्ड/सम्बन्धित हुलाक कार्यालयमा दर्ता गराउनु पर्ने व्यवस्था रहेकोमा २०८३ असोज ३१ गतेदेखि कार्तिक ८ गतेसम्म बडादशैंको सार्वजनिक विदा परेकोले **२०८३ असोज महिनामा लोककल्याणकारी विज्ञापन प्रकाशित गरेका पत्रपत्रिकाले विलसहितका कागजात २०८३ कार्तिक १६ गतेसम्म** बोर्ड/सम्बन्धित हुलाक कार्यालयमा पेश गर्नु हुन।

२. सूचना तथा सञ्चार मन्त्रालयको च.नं. प्रेस/८३६, मिति २०८३/०६/१५ गतेको पत्रबाट छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ को दफा १ को उपदफा (२) को सट्टा "यो कार्यविधि २०८३ कार्तिक एक गतेदेखि लागु हुनेछ" भन्ने वाक्यांश राख्ने गरी मिति २०८३/०६/१४ गते निर्णय भएको जानकारी तथा प्रमाणित प्रति प्राप्त भएकोले २०८३ कार्तिक महिनामा लोककल्याणकारी विज्ञापन प्रकाशन,

सोको मासिक दररेट, भुक्तानी र सोसम्बन्धी अन्य व्यवस्था छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ (दोस्रो संशोधन, २०८३ समेत) मा उल्लेख भए अनुसार गर्नु हुन।

३. ऐ. कार्यविधि (दोस्रो संशोधन, २०८३ समेत) ले लोककल्याणकारी विज्ञापन प्रकाशन गर्न विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण भएको हुनु पर्ने व्यवस्था गरेको हुँदा पत्रपत्रिकाले भुक्तानी माग गरेको समयममा विल बीजकसंगै चालु आ.व. मा विज्ञापन बोर्डमा सूचीकरण/नवीकरण भएको प्रमाणपत्र समेत अनिवार्य पेश गर्नु हुन।

४. कार्तिक महिनामा लोककल्याणकारी विज्ञापन प्रकाशन गरेका पत्रपत्रिकालाई २०८३ मंसिर ७ गतेसम्म विज्ञापन बोर्डमा सूचीकरण/नवीकरण भए मात्र भुक्तानी हुने। सूचीकरण/नवीकरण नभएका पत्रपत्रिकालाई भुक्तानी नहुने।

५. ऐ. कार्यविधि (दोस्रो संशोधन, २०८३ समेत) ले पत्रपत्रिका वर्गीकरणमा परेको **स्तर** (राष्ट्रियस्तर, प्रदेशस्तर र स्थानीयस्तर), **प्रकार** (दैनिक, अर्ध साप्ताहिक/साप्ताहिक, पाक्षिक, मासिक/द्वैमासिक/त्रैमासिक) र **वर्ग** (क, ख, ग र घ) अनुसार फरक/फरक मासिक दर कायम गरेकोले सोही बमोजिम विल बीजक पेश गर्नु हुन।

६. ऐ. कार्यविधिको (पहिलो संशोधन समेत) दफा ११ बमोजिमको आकार र अङ्कमा विज्ञापन प्रकाशन गर्नु हुन।

७. ऐ. कार्यविधि (दोस्रो संशोधन, २०८३ समेत) ले **एउटा स्थायी लेखा नम्बरबाट एक भन्दा बढी पत्रपत्रिका सञ्चालन/प्रकाशन भएको भए एकमात्र पत्रिकालाई लोककल्याणकारी विज्ञापन प्रकाशन वापतको रकम भुक्तानी गर्ने** व्यवस्था गरेकोले यस कानूनी व्यवस्था अनुसार मात्र भुक्तानी माग गर्नु हुन।

८. पत्रसाथ उपलब्ध गराइएका विज्ञापनहरु २०८३ साल कार्तिक महिनाको लागि भएकोले सोही महिनामा मात्र प्रकाशित गर्नु हुन।

९. लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा फरक फरक अंकमा नदोहोऱ्याई फरक फरक विज्ञापन प्रकाशन गर्नु हुन।

१०. **दीपावली मनाउँदा ध्यान दिऔं** शिर्षकको लोककल्याणकारी विज्ञापन बडादशैं पछि र तिहार अघि मात्र प्रकाशित गर्नु हुन।

११. २०८३ कार्तिक महिनाको लोककल्याणकारी विज्ञापन प्रकाशन गरिएका पत्रिका, सोको विल २०८३ मंसिर ७ गतेभित्र अनिवार्य रुपमा बोर्ड/सम्बन्धित हुलाक कार्यालयमा भुक्तानीको लागि पेश गर्नु हुन।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dilli Ram Subedi
dkt.adm2029@gmail.com

(डिल्ली राम सुवेदी)
शाखा अधिकृत

बोधार्थ/कार्यार्थ:

श्री हुलाक निर्देशनालय (सबै)

श्री जिल्ला हुलाक कार्यालय (सम्बन्धित सबै)

(उल्लेखित व्यवस्था अनुरुप गर्नु/गराउनु हुन।)

# धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

- ❖ चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
- ❖ चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- ❖ धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- ❖ एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

**सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

# जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

**जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा**

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।



**त्यसैले जुवातास नखेलौं-नखेलाऔं ।**

**नेपाल सरकार**

## विज्ञापन बोर्ड

# सडक दुर्घटनाबाट बचौं र बचाऔं



- ❖ सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- ❖ मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- ❖ सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- ❖ सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- ❖ पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- ❖ दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।

**ट्राफिक नियम पालना गरौं ।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

# सुरक्षित यात्रा गरौं ।



- ❖ सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ❖ सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- ❖ मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- ❖ बाढी, पहिरो तथा जोखिमपूर्ण सडकमा सवारी साधन चलाउँदा ध्यान दिऔं ।

**दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

# मधुमेह (डायबिटिज) बाट बचौं

**मधुमेहले,**

❖ शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,

❖ मुटु, मृगौलाले काम नगर्ने,

❖ अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।




**मधुमेहबाट बच्न,**

❖ शरीरको तौल सन्तुलित राखौं,

❖ चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,

❖ जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,

❖ धुम्रपान, मद्यपान नगरौं ।

**तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

# विज्ञापन कारोबार व्यवस्थित गरौं

- ❖ विज्ञापन सम्बन्धी कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरू प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण गराऔं,
- ❖ सूचीकरण भएका सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरू प्रत्येक वर्ष तोकिएको समयभित्र नवीकरण गराऔं,
- ❖ सूचीकरण तथा नवीकरणका लागि आवश्यक विवरण र कागजात अद्यावधिक गरौं,
- ❖ विज्ञापन कारोबारलाई व्यवस्थित, पारदर्शी, मर्यादित र जवाफदेही बनाऔं,
- ❖ विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा प्रचलित नियम, कानून तथा मापदण्डको पालना गरौं,
- ❖ भ्रामक, झुटा, अतिरञ्जित तथा उपभोक्ताको हितविपरीतका विज्ञापनको प्रचार-प्रसार नगरौं,
- ❖ विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन एजेन्सीबीचको कारोबारलाई पारदर्शी र अभिलेखयोग्य बनाऔं,
- ❖ सूचीकरण र नवीकरण केवल कानूनी प्रक्रिया मात्र होइन, जिम्मेवार विज्ञापन कारोबारको आधार हो भन्ने कुरा आत्मसाथ गरौं ।

**जिम्मेवार विज्ञापन बजार निर्माणमा सहयोग गरौं ।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

# दीपावली मनाउँदा ध्यान दिऔं

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- मैनबत्ती, दियो बालिसके पछि ननिभेसम्म निगरानी गरौं,
- यस्तो समयमा  विद्युत सट भई आगो लाग्ने सम्भावना भएकोले सचेत बनौं,
- विद्युतीय प्लगको क्षमता अनुसार मात्र बतीको प्रयोग गरौं,



- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं।

## आगजनीबाट बचौं र बचाऔं ।

**नेपाल सरकार**

# विज्ञापन बोर्ड

# स्वस्थ रहन: जीवनशैली परिवर्तन गरौं

**असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरु लाग्न सक्छन् ।**

**त्यसैले,**



- ❖ स्वस्थ र सन्तुलित खाना खाऔं,
- ❖ शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- ❖ मदिरा तथा सुर्तिजन्य पदार्थको उपभोग नगरौं,
- ❖ प्रशस्त मात्रामा पानी पिउने गरौं,
- ❖ तनाव व्यवस्थापन गरौं ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

# स्वच्छ शहर: स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ध्वनी र वायु प्रदुषण कम गरौं,
- समय समयमा सवारी साधनको मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,



- सार्वजनिक स्थलका बोटविरुवाहरुको संरक्षण गरौं,
- सडकको नियमित मर्मत गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

**शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।**

**नेपाल सरकार**

# विज्ञापन बोर्ड

# सामाजिक सञ्जाल प्रयोगमा सतकर्ता अपनाऔं

- ❖ सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने तथा भ्रम सिर्जना गर्ने कार्य नगरौं ,
- ❖ राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुऱ्याऔं,




- ❖ कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठेस नपुऱ्याऔं,
- ❖ जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना नगरौं,
- ❖ शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग, जस्ता कार्यहरु कानूनतः दण्डनीय हुन्छन् ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

# मौसमजन्य स्वास्थ्य समस्याबाट सुरक्षित बनौं



- ❖ नियमित रुपमा साबुन पानीले हात धुने बानी बसालौं,
- ❖ स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना खाऔं,
- ❖ खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- ❖ घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ❖ ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं ।

**नेपाल सरकार**

## विज्ञापन बोर्ड

# पशु वधशाला र मासु जाँच सम्बन्धी सूचना

“उपभोक्तालाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ गतेदेखि काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा, २०८३ माघ १ गतेदेखि बाँकी सबै नगरपालिकाहरुमा र २०८४ साउन १ गतेदेखि देशैभरी पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुने गरी राजपत्रमा सूचना प्रकाशन भएको हुँदा ऐन कार्यान्वयनमा मासु व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोगका लागि हार्दिक अनुरोध छ” ।

**मासु मात्र हैन, स्वस्थ मासु खोजौं ।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

# विपत्‌को पूर्व तयारीमा जुटौं



- आपतकालिन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात, आदि) सधैं तयार राखौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं,
- अफबाहको पछि नलागौं - आधिकारिक जानकारीमा मात्र भर परौं ।

**विपत् रोक्न सकिँदैन, तर क्षति घटाउन सकिन्छ ।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**